# थाङ्मी जातिको पहिचानको आन्दोलनमा प्रतिनिधिमूलक सामाजिक सङ्घसंस्थाको भूमिका

टहल थामी

thamitahal@gmail.com

**लेखसार**

वञ्चितीकरणबाट उन्मुक्ति, राज्यमा बराबरीको साझेदारी र अधिकार प्राप्तिका लागि नेपालका अन्य आदिवासीहरूले झैँ थाङ्मी समुदायले पनि सङ्गठित रूपमा खुला राजनीतिक वातावरणमा आवाज उठाउन थालेको करिब साँढे तीन दशक भएको छ। यस लेखमा त्यो प्रयासको सङ्क्षिप्त लेखाजोखा गरिएको छ। सामाजिक संस्थाको गठन, विघटन, पुनर्गठन हुँदै हालसम्म आइपुग्दा साझा सङ्गठन निर्माण गरी सामूहिक अधिकारको वकालतका लागि सङ्गठन निर्माण भएको भए तापनि नीजी स्वार्थ, राजनीतिक दाउपेच र दलीयकरणका कारण विशुद्ध सामुदायिक अधिकारभन्दा पनि व्यक्तिहरूको राजनीतिक पृष्ठभूमि निर्माणको थलोका रूपमा स्थापित हुन थालेको छ। तसर्थ निष्पक्ष, स्वतन्त्र र सामूहिक स्वार्थ प्रेरित नेतृत्व विना प्रतिनिधिमूलक सङ्गठनहरूले राज्यमा सामूहिक अधिकार सुनिश्चित्त गराउन नसक्ने दृष्टान्त थाङ्मी प्रतिनिधिमूलक संस्थाबाट सिक्न सकिन्छ।

**शब्दकुञ्जी** : आदिवासी, पहिचान, प्रतिनिधिमूलक संस्था, सामूहिकअधिकार

**विषय प्रवेश**

नेपाल १४२ जातजाति, १२४ भाषा बोल्ने र १० फरक धर्म मान्ने समूहहरू बसोबास गरेको भूमि हो (हे अनुसूची १)। जसमध्ये ६० समूहले आदिवासी जनजातिका रूपमा कानुनी मान्यता पाएका छन् (नेपाल सरकारको मन्त्रिपरिषद्को २०७६ माघ २० गतेको निर्णयले राना थारुलाई भिन्न आदिवासी जनजातिका रूपमा सूचीकृत गर्ने निर्णय गरेको छ। सो सूचना २०७७ जेठ ५ को नेपाल राजपत्रमा (खण्ड ७० सङ्ख्या ५) प्रकाशित भएसँगै यसले कानुनी मान्यता प्राप्त गरेको भए तापनि आदिवासी जनजाति

उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को प्रकृयाअनुरूप नभएको भनी प्रतिष्ठान र आदिवासी जनजाति सङ्घसंस्थाहरूले असन्तुष्टि पोखेका छन् । सो ऐनअनुसार नेपाल सरकारले प्रतिष्ठानको सञ्चालक परिषद्को (दफा ७) सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने (दफा २५) प्रावधान रहेको छ) । ती समूहरूको विशिष्ठताको पहिचान र समान हैसियतको मान्यता नेपालको पछिल्लो सामाजिक र राजनीतिक सवालको केन्द्रमा रहेको छ । नेपालमा पहिचानमा आधारित अधिकार वकालतका लागि जातीय सङ्गठनहरू खुला रूपमा निर्माणको इतिहास विशेष गरेर सन् १९९० को राजनीतिक परिवर्तनपछि सुरु हुन्छ । त्यसअघि संवैधानिक अड्चन र जातीय अधिकारको वकालत गर्दा *राष्ट्र विरोधी, राजाविरोधी, राजनीतिक व्यवस्था विरोधी, संविधान विरोधी, विभाजनवादी* र *पृथकतावादीको* आरोप लाग्ने भएकाले (Bhattachan, 2008, p. 55) सम्भव नभए पनि १९९० को संविधानले संरक्षित गरेको मौलिक हक उपयोग गरेर विभिन्न जातीय सामाजिक तथा राजनीतिक सङ्गठनहरू स्थापना हुन थालेका हुन् (Onta, 2006, p. 303; Shakya, 2007, p. 163) । तर भूमिगत रूपमा अधिकारका लागि वकालत गर्ने विभिन्न जातीय तथा भाषिक संस्थाहरू पञ्चायतकालमा पनि निर्माण नभएका भने पक्कै होइनन् । उदाहरणका लागि भाषिक तथा सांस्कृतिक अधिकारको वकालतका लागि थारु, तामाङ, थकाली नेवा:, थाङ्मी (थामी) लगायतका आदिवासीहरू पञ्चायतकाल वा त्यसअघि नै सङ्गठित हुन थालेका थिए ।

आदिवासी अधिकार वकालतका लागि राज्यको कानुनअन्तर्गत निर्माण र सञ्चालनमा रहेका सम्बन्धित जातिका सामाजिक सङ्घसंस्थाहरूलाई आदवासीहरूको प्रतिधिमूलक संस्था भन्ने प्रचलन रहेको छ । आधुनिक राष्ट्रको व्यवस्था मूलतः प्रतिनिधिमूलक रूपमा सञ्चालन हुने गरेको छ । उदाहरणका लागि व्यवस्थापिकामा आवधिक निर्वाचनको माध्यमबाट जनप्रतनिधिहरू निर्वाचित हुन्छन् भने कार्यपालिका तिनै जनप्रतिनिधिहरूमध्येबाट चयन हुन्छन् । त्यसैगरी न्यायपालिकामा कानुन व्यवसायीहरूले वादी वा प्रतिवादीको प्रतिनिधिका रूपमा वकालत गर्छन् । नागरिक समाजलगायत विभिन्न गैरराजनीतिक तथा गैरसरकारी संस्थाहरूलाई जनताको प्रतिनिधि आवाजका रूपमा लिइन्छ । यसका साथै राजनीतिक दलहरूले पनि सो दाबी गर्छन् । नेपालका आदवासीको सन्दर्भमा संस्था दर्ता ऐन २०३४ अन्तर्गत गठन भएका सामाजिक सङ्गठनहरूलाई उनीहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा मानिन्छ । वर्तमान राज्यहरूले परिकल्पना गरेको प्रतिनिधिमूलक संस्थाहरू कति प्रतिनिधिमूलक छन् र प्रतिनिधिहरू कति आफ्नो समूह र क्षेत्रको प्रतिनिधित्व गर्न सक्षम छन् ? त्यो वहस र अध्ययनको विषय हो । तर प्रतिनिधित्व र प्रतिनिधिमूलक संस्थाहरू यो प्रणालीको अपरिहार्य सर्त भने पक्कै हो ।

यस लेखमा थाङ्मी जातिसँग सम्बन्धित प्रतनिधिमूिलक सामाजिक सङ्गठनहरू निर्माणको इतिहास र ती संस्थाहरूले उनीहरूको अधिकार सुनिश्चित गर्न खेलेको भूमिका समावेश गरिएको छ । थाङ्मीहरू पञ्चायतकालको अन्तिम दशकको सुरुवातदेखि भूमिगत रूपमा गाउँ स्तरमा विभिन्न जिल्लामा सङ्गठित हुन थालेको देखिन्छ । सन् १९९० को प्रजातन्त्रको पुनर्वहालीपछि भने जिल्ला हुँदै राष्ट्रिय स्तरका सङ्गठन निर्माण भएर सामूहिक अधिकारको वकालतको प्रयास भएको पाइन्छ ।

राज्यले कानुनी रूपमा मान्यता प्रदान गरेका आदिवासी समूहमध्ये अतिसीमान्तकृत समूहका रूपमा सूचीकृत भएको थाङ्मी जाति पनि एक हो । नेपालका अन्य आदिवासी समूहजस्तै थाङ्मी राज्य संयन्त्र र अवसरबाट वञ्चिरतीकरणमा परेको समूह हो । वञ्चितीकरणबाट उन्मुक्ति पाउन र राज्यमा बराबरीको साझेदारी र अधिकारको रक्षाका लागि नेपालका अन्य आदिवासीले झैं थाङ्मीहरूले पनि सन् १९९० को राजनीतिक परिवर्तनपछि सामाजिक सङ्गठनमार्फत खुला रूपमा वकालत गर्न थालेका हुन् । तुलनात्मक रूपमा थोरै जनसङ्ख्यामा रहेका थाङ्मी जातिले पनि सङ्गठित रूपमा समानता र अधिकारका लागि पञ्चायतकालबाटै प्रयास सुरु गरेको

भए तापनि सन् १९९० को संविधानले सुनिश्चित गरेको मौलिक हकले यसमा बल पुऱ्याउने काम गऱ्यो र विभिन्न सामाजिक सङ्गठनहरू स्थापना गर्न सफल भए । तर आन्तरिक कलह, राजनीतिक हस्तक्षेप, सीमित स्रोतसाधन, प्रतिकूल राज्यको नीति र नेतृत्वमा देखिएको विचलन आदि कारणले सोचेजस्तो सफलता भने हासिल गर्न सकेको देखिँदैन ।

यस लेखमा उनीहरूको सामूहिक अधिकारका लागि भएका सङ्गठित प्रयासहरूका विभिन्न पक्ष उजागर गर्ने जमर्को गरिएको छ । यहाँ थाङ्मी अधिकार वकालतका लागि भएका सामूहिक प्रयासमा केकस्ता उतारचढावहरू देखा परे ? र थाङ्मी प्रतिनिधिमूलक र सामाजिक सङ्गठनका नाममा स्थापना भएका सङ्गठनहरूले समुदायको अधिकारको वकालत तथा सुनिश्चितताका लागि केकस्ता भूमिका खेले भन्ने प्रश्नहरू सम्बोधन गर्ने प्रयास गरिएको छ ।

यस लेखको दोस्रो खण्डमा थाङ्मी जातिको इतिहास, भूगोल र जनसङ्ख्याबारे सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा थाङ्मी सामाजिक सङ्गठन निर्माणको इतिहासमाथि पुनरावलोकन गरिएको छ । यस खण्डमा पञ्चायतकालदेखि हालसम्म भएका विभिन्न सामूहिक प्रयासहरूलाई दृष्टिगत गरिने छ । चौथो खण्डमा थाङ्मी सङ्गठनहरूको वर्तमान अवस्था र अधिकारको आन्दोलनमा उनीहरूले खेलेको भूमिकाको मूल्याङ्कन गरिने छ । अन्तिममा निष्कर्ष प्रस्तुत गरिने छ । नेपालमा अत्यन्तै कम प्राज्ञिक अध्ययन गरिएका जातीय समूहमध्ये एक थाङ्मी हो । उनीहरूको भाषिक, सांस्कृतिक तथा आध्यात्मिक पक्षमा केही समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन (जस्तै- Gautam & Thapa-Magar, 1994; Gurung & Thami, 2014; Miller, 1979; Shneiderman, 2015; Turin, 2012; शिवाकोटी, २०७५; थामी, २०६१ र सन् २०१६; शर्मा, २०६७; नागेन्द्र शर्मा, २०६३) भए तापनि उनीहरूको पहिचानको आन्दोलनमा अहं भूमिका खेलेको र खेल्न सक्ने प्रतिनिधिमूलक संस्थाहरूका बारे भने थाङ्मी प्रकाशनहरूमा केही लेख (जस्तै- थामी, सन् २०१६ र २०६१; थामी, सन् १९९९; नेप्रथास, २०५४) बाहेक बिस्तृत अध्ययन हालसम्म भएको पाइँदैन । यस लेखमार्फत त्यो प्राज्ञिक रिक्तता पूर्ति गर्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्कका लागि विभिन्न चरणमा थाङ्मी नेतृत्व, अभियन्ता, अग्रज, राजनीतिकर्मी र सामाजिक संस्थाहरूका प्रतिनिधिहरूसँग औपचारिक तथा अनौपचारिक छलफल, अन्तरक्रियाहरू तथा अन्तर्वार्ताहरू गरिएका छन् । द्वितीय स्रोतका रूपमा पूर्व प्रकाशित विभिन्न सङ्घसंस्था, निकाय तथा अनुसन्धानकर्ताका लेख तथा प्रकाशन प्रयोग गरिएका छन् ।

## थाङ्मीको सामाजिक आर्थिक अवस्था

मौलिक पहिचान रहेको थाङ्मी लामो समयसम्म आफ्नो समूह र परम्परागत भूमिबाहिरको संसारसँग अपरिचित रह्यो । उनीहरू सन् १९९० अघिसम्म राज्य, अनुसन्धानकर्ता, नीतिनिर्माता तथा योजनाविद्हरूको नजरमा परेको देखिँदैन । सो समयका राज्यको नीतिनियम तथा कार्यक्रमहरूमा उनीहरूको पहुँच बिरलै पाइन्छ । तत्कालीन श्री ५ को सरकारले प्रकाशन गरेको मेचिदेखि महाकाली भन्ने पुस्तकमा छोटो परिचय (श्री ५ को सरकार, २०३१, पृ. १०९-११०) बाहेक राज्यका प्रकाशनहरूमा थाङ्मीबारे उल्लेख भएको पाउन मुस्किल छ । यसका साथै अनुसन्धानकर्ता तथा विज्ञहरूबाट पनि उनीबारे खासै चासो तथा महत्त्व दिएको पाइँदैन । केही विद्वान्हरूको अध्ययनबाट थाङ्मीहरूको धार्मिक र सामाजिक अवस्थासँग मिल्दाजुल्दा (Bista, 2004, p. 57; विष्ट सन्, २००२, पृ. २९) खम्बु, लिम्बु याक्खा, दनुवार, हायुसँग सम्बन्धित (लेभी, सन् २००७, पृ. ५२) कुरालाई मान्न सकिन्छ । बाहुन (बाम्णी), क्षेत्रिय (खास्या), नेवार (रोइमी) लाई थाङ्मी भाषामा पुकार्ने शब्द हुनु, तर तामाङलाई नहुनुले पनि उनीहरू बिच लामो अन्तरक्रिया नभएको र सामाजिक सांस्कृतिक सामीप्यता नभएको मान्न सकिन्छ ।

थाङ्मी खस-नेपाली करण भएर थामी बनेको हो । कहिलेदेखि र कुन परिस्थितिमा थामी हुन पुग्यो भन्ने यकिन नभए पनि राज्यका दस्ताबेजहरूमा थामी लेखिन थालेपछि यो शब्द बढी प्रचलनमा आएको प्रस्ट छ । थाङ्मी बुढापाकाहरूका अनुसार नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले नागरिकता वितरण गर्ने क्रममा उनीहरूको *न्वारन* गरेर थामी बनाएका हुन् । नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको शब्दकोशमा पनि थामी शब्द अर्थ्याइएको छ (नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७२, पृ. १२२५) । अध्ययनकर्ताहरूको सिमानाको मान्छे अर्थ लाग्ने तिब्बती शब्द "म्था' मी" अपभ्रंश भएर थामी बनेको हो भन्ने पनि मत रहेको छ (Miller, 1979, p. 89; Pradhan, 2009, p. 63; Shneiderman, 2015, pp. 11-12; Turin, 2012, pp. 65-66) । तर सीमा देशको वा जिल्ला के भन्न खोजिएको प्रस्ट छैन । थाङ्मी शब्दको अर्थ उनीहरूकै भाषाभित्र खोज्दा उपयुक्त अर्थ भेट्टाउन सकिन्छ नकि तिब्बती भाषामा (थामी, २०६१, पृ. ३०-३२) । मौखिक इतिहासअनुसार उनीहरू सिमाङघाट, कुमाङघाट, थाम्कोट (थानकोट), कोटेश्वर, थिमी हुँदै तामाकोशीको किनारैकिनार दोल्गा (दोलखा) को राङराङ्थली र आसपासको क्षेत्रमा पुगेर स्थायी बसोबास सुरु गरेका हुन् (सिमाङघाटलाई बारा जिल्लाको सिम्रौनगढ र कुमाङ्घाटलाई कुमाउ भनेर केही लेखकहरूले दाबी गरे तापनि हालसम्म यकिन भने हुन सकेको छैन) । हालको दोलखा जिल्ला भिमेश्वर नगरपालिकाअन्तर्गत राङराङथलीमा तिब्बती भाषा बोल्ने समूहको बसोबास रहेको पाइँदैन । तामाङ र थाङ्मीको बसोबास भएको क्षेत्र भौगोलिक रूपमा टाढा छन् । थाङ्मी भाषामा *थाङ्* को अर्थ माथि, आकाश वा सय (सङ्ख्या) भन्ने बुझिन्छ भने *मि* को अर्थ मानिस हो । यसका साथै थाङ्मी मृत्यु संस्कारमा *थाङ् ठोसा* र *थाङ् चिपेर्सा* शब्द प्रचलित छन् । जसको अर्थ मृतकका नाममा जिउँदो कुखुरा आकाशमा उडाउने हुन्छ । त्यसबाहेक *थाङ्कु* (तालु) र *थाङ्ङा पेर्सा* (आकाशमा उड्नु) (शक्तिशाली झाँक्रीहरू आकाशमा उड्थे भन्ने जनविश्वास तथा जनश्रुति छ) शब्दावली पनि प्रचलनमा छन् । साथै थाङ्मीभित्रका थरहरू र उनीहरू बसोबास रहेको अधिकांश स्थानहरूको नाम उनीहरूकै भाषामा रहेका छन् । थाङ्मी अग्रजहरूका अनुसार थाङ्मी नामकरण उल्लिखित प्रचलनमा रहेका शाब्दिक अर्थ वरिपरि खोज्नुपर्दछ (थामी, २०६१ पृ. ३०-३२) । जसले उनीहरूको संस्कार, संस्कृति, मिथक, जनविश्वसलाई समेट्छ । तसर्थ उनीहरूको थर र बसोबासक्षेत्र उनीहरूकै भाषामा रहनु जातिकै नाम चाहिँ तिब्बती भाषामा रह्यो भन्नु तर्कसङ्गत लाग्दैन ।

त्यसैगरी आर्थिक रूपमा पनि उनीहरूको अवस्था कमजोर रहेको छ । नेपालभरिमा उनीहरूको गरिबी दर ४० प्रतशितभन्दा बढी रहेको छ (Subba et al., 2014, pp. vi and 16) । उनीहरूको बाहुल्य रहेको जिल्ला दोलखा र रामेछापमा क्रमशः ५६ र ४६ प्रतिशत छ (Suwal, 2020, pp. 189-193) ।

## थाङ्मीको परम्परागत भूगोल र जनसङ्ख्या

दोलखा, रामेछाप र सिन्धुपाल्चोक थाङ्मी जातिको पुर्ख्यौली भूमि वा भूक्षेत्र हो । यसबाहेक नेपालका अन्य र भारत तथा तिब्बतका केही स्थानमा पनि उनीहरूको बसोबास रहेको पाउन सकिन्छ । पछिल्लो तथ्याङ्कअनुसार थाङ्मीको जनसङ्ख्या नेपालमा ३२७४३ रहेको छ (National Statistics Office, 2021) । दश वर्षअघि उनीहरूको सङ्ख्या २८६७१ रहेको थियो (हे. तालिका ३) । उनीहरूको बसोबास सातओटै प्रदेशको ३२ भन्दा बढी जिल्लामा भए तापनि दोलखा, सिन्धुपाल्चोक र रामेछापमा घना बस्ती रहेको छ (हे.तालिका १ र २) । ती जिल्लामा थाङ्मी जनसङ्ख्या क्रमशः १८०७५ (५५.२%), ५४८४ (१६.७%), र २३७३ (७.२५%) रहेको छ (हे. तालिका २) ।

**तालिका १**

प्रदेशहरूमा थाङ्मी जनसङ्ख्या वितरणको अवस्था

| प्रदेश | महिला | पुरुष | कुल | % |
|---|---|---|---|---|
| प्रदेश नं.१ | ११७४ | ११८५ | २३५९ | ७.२० |
| मधेश | २८९ | २४८ | ५३७ | १.६४ |
| बागमती | १५१२९ | १४२७८ | २९४०७ | ८९.८१ |

| | | | | |
|---|---|---|---|---|
| गण्डकी | ३७ | ४५ | ८२ | ०.२५ |
| लुम्बिनी | १९ | १८ | ३७ | ०.११ |
| कर्णाली | १४८ | १३८ | २८६ | ०.८७ |
| सुदूरपश्चिम | १६ | १९ | ३५ | ०.११ |
| कुल | १६८१२ | १५९३१ | ३२७४३ | १०० |

स्रोत : National Statistics Office. 2021. Caste/ Ethnicity Report. Available at: https:// censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity; accessed June 13, 2023.

**तालिका २**

जिल्लामा थाङ्मी जनसङ्ख्या

| जिल्ला | महिला | पुरुष | कुल | % |
|---|---|---|---|---|
| सङ्खुवासभा | ९ | ८ | १७ | ०.०५ |
| सोलुखुम्बु | १३१ | १४३ | २७४ | ०.८४ |
| खोटाङ | ३८ | ३५ | ७३ | ०.२२ |
| भोजपुर | १०८ | ९० | १९८ | ०.६ |
| इलाम | ४४० | ४८४ | ९२४ | २.८२ |
| झापा | १३३ | १३६ | २६९ | ०.८२ |
| मोरङ | ९४ | ८९ | १८३ | ०.५६ |
| सुनसरी | ७२ | ५५ | १२७ | ०.३९ |
| उदयपुर | १४५ | १४१ | २८६ | ०.८७ |
| धनुषा | ८ | १० | १८ | ०.०५ |
| सर्लाही | १७६ | १६० | ३३६ | १.०३ |
| रौतहट | ११ | ९ | २० | ०.०६ |
| बारा | ३८ | ३४ | ७२ | ०.२२ |
| पर्सा | ५२ | ३१ | ८३ | ०.२५ |
| दोलखा | ९३८३ | ८६९२ | १८०७५ | ५५.२ |
| सिन्धुपाल्चोक | २८१० | २६७४ | ५४८४ | १६.७ |
| धादिङ | १२ | ६ | १८ | ०.०५ |
| काठमाडौं | ७०० | ६८९ | १३८९ | ४.२४ |
| भक्तपुर | २१४ | २३१ | ४४५ | १.३६ |
| ललितपुर | २१८ | २५३ | ४७१ | १.४४ |
| काभ्रेपलाञ्चोक | १०९ | १३३ | २४२ | ०.७४ |
| रामेछाप | १२३५ | ११३८ | २३७३ | ७.२५ |
| सिन्धुली | ३६६ | ३७७ | ७४३ | २.२७ |
| मकवानपुर | ४६ | ५४ | १०० | ०.३१ |
| चितवन | ३५ | २५ | ६० | ०.१८ |
| गोरखा | ७ | ९ | १६ | ०.०५ |
| कास्की | २३ | २२ | ४५ | ०.१४ |
| हुम्ला | ५५ | ४८ | १०३ | ०.३१ |
| जुम्ला | ८१ | ७९ | १६० | ०.४९ |
| सुर्खेत | १० | ५ | १५ | ०.०५ |
| कैलाली | ८ | ४ | १२ | ०.०४ |
| कञ्चनपुर | ८ | १४ | २२ | ०.०७ |

स्रोतः National Statistics Office. 2021. Caste/ Ethnicity Report. Available at: https:// censusnepal.cbs. gov.np/results/downloads/ caste-ethnicity; accessed June 13, 2023.

**तालिका ३**

पछिल्लो तीन जनगणनामा थाङ्मी जनसङ्ख्या

| जनगणना (साल) | जम्मा | महिला | पुरुष | % |
|---|---|---|---|---|
| सन् २०२१ | ३२७४३ | १६८१२ | १५९३१ | ०.११ |
| सन् २०११ | २८६७१ | १४७५८ | १३९१३ | ०.११ |
| सन् २००१ | २२९९९ | ११६०७ | ११३९२ | ०.१ |

स्रोत : CBS 2012, Gurung 2003, National Statistics Office. 2021.

## थाङ्मी प्रतिनिधिमूलक सामाजिक सङ्गठन निर्माणको इतिहास

निरंकुश र निर्दलीय पञ्चायतकालदेखि नै राजनीतिक रूपमा सचेत तथा जागरुक थाङ्मी अगुवाहरूले आफ्नो समुदायलाई सङ्गठित पार्ने प्रयासस्वरूप थाङ्मी सङ्गठनहरू निर्माण गरेको देखिन्छ । निको थामी सेवा समिति नामक संस्था गठन गरेर यस प्रकारको प्रयास समुदाय स्तरबाट भूमिगत रूपमा भएको थियो । तत्कालीन राजनीतिक प्रतिकूलताका बाबजुद माघ २२, २०३७ मा दोलखा जिल्लामा पहिलो पटक थाङ्मीहरू सङ्गठित भएका थिए । यो प्रयास गाउँस्तरबाट सुरु भएर पछि जिल्ला स्तरसम्म बिस्तार भएको थियो (थामी, सन् २०१८, पृ. ३३-४०; नेप्रथास, २०५४, पृ. ११४-११६) । समितिले समग्र थाङ्मी समुदायलाई सङ्गठित गरेर राजनीतिक रूपमा विभक्त नेतृत्वलाई एक ठाउँमा ल्याउने प्रयास गरेको भए तापनि सो सफल हुन सकेन । कालान्तरमा सो सङ्गठन कम्युनिष्ट विचारधाराबाट निर्देशितहरूको

सङ्गठनका रूपमा कहलियो र काङ्ग्रेस राजनीतिक पृष्ठभूमि भएकाहरूले *थामी भूमे सङ्घ नेपाल* नामक संस्था निर्माण गरे (नेप्रथास, २०५४, पृ. ११४-११६) । सो सङ्गठनले साउन ९, २०५२ मा काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा नेपाल सरकारको संस्थादर्ता ऐनअन्तर्गत दर्ता भएर सामाजिक संस्थाका रूपमा मान्यता पायो । त्यसैगरी तत्कालीन पूर्वाञ्चलका पाँच जिल्लाका प्रतिनिधिहरूको जेठ १, २०३८ मा झापाको गौरादहमा भएको भेलाले नेपाल पूर्वाञ्चल थामी समूह गठन गरेको थियो । पछि देशभरिका थाङ्मी समुदायलाई गोलबद्ध गर्ने लक्ष्यका साथ मङ्सिर १५, २०४८ को भेलाले नेपाल प्रगतिशील थामी समूहमा परिणत गऱ्यो । मूलतः यी सङ्गठनहरूले थाङ्मी समुदायको भाषा, संस्कृति, परम्परा, इतिहासको खोज तथा संरक्षणको लक्ष्य बोकेको थियो ।

उल्लिखित दुई सङ्गठनका प्रतिनिधिहरूको लामो छलफल र परामर्शपछि प्रतिनिधिमूक र साझा सङ्गठनको आवश्यकता महसुस गरेर दुवै संस्थाले एकीकरणका लागि प्रयास गरे । असार २, २०५३ मा काठमाडौँमा बसेको संयुक्त बैठकले यी दुवै संस्था एकीकरणको निर्णय गरेर नयाँ समिति गठन गऱ्यो । एकीकृत संस्थाको नाम निको प्रगतिशील थामी समाज रहन गयो । यसरी एकीकृत भएपछि पनि पुराना सङ्गठनहरू जीवित रहेको देखिन्छ । त्यसबाहेक *निको थामी समाज उत्थान मञ्च* (झापा), *थामी भूमे संघ नेपाल* (दोलखा) र *निको थामी सङ्घ* (रामेछाप) नामक सङ्गठनहरू पनि आआफ्ना क्षेत्रमा सक्रिय थिए । ती सङ्गठनहरूका बारेमा बिस्तृत लिखित दस्तावेजहरू प्राप्त गर्न नसकिए पनि समग्रमा थाङ्मी भाषिक तथा सांस्कृतिक अधिकार संरक्षण तथा प्रवर्धनमा काम गर्ने लक्ष्य बोकेको तत्कालीन सङ्गठनमा लागेका तथा जानकारहरू बताउँछन् । त्यसैगरी थाङ्मीको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार वकालत गर्ने लक्ष्यले वि.सं. २०५७ सालमा काठमाडौँमा थाङ्मी युवा तथा विद्यार्थीहरूको अगुवाइमा *थाङ्मी दिमि* नामक सङ्गठन स्थापना भयो । तत्कालीन राजनीतिक अनुकूलताका बाबजुद यस संस्थाले थाङ्मीको महान् पर्व भूमेपूजा सार्वजनिक रूपमा काठमाडौँ मनायो (छहरा साप्ताहिक, २०६२, पृ. ६) । यसका साथै समुदायको आर्थिक सुधारका लागि थाङ्मी दिमी सहकारी पनि सञ्चालन गरेका थिए । यसैगरी थाङ्मी अधिकार तथा पहिचानका सवालमा केही प्रकाशनहरू पनि गरको पाइन्छ (जस्तै- थामी, सन् २०१६) ।

## छाता सङ्गठन निर्माण

नेपालभरि आजका मितिसम्ममा विभिन्न रूपमा सङ्गठित भएका थामी सङ्घसंस्थाहरूलाई आजको सर्वपक्षीय बैठकले राष्ट्रिय रूपमा एकीकरण गर्न सर्वसम्मत निर्णय (ध्वनिमतले) गरिएको छ ( थाङ्मी भेला, २०५५) । फागुन ७, २०५५ शुक्रवारका दिन काठमाडौँको बाइसधारामा बसेको विभिन्न जिल्लामा सक्रिय थाङ्मी सङ्गठनका प्रतिनिधिहरूको भेलाले गरेको निर्णयको विवरण हो यो । सो भेलामा दोलखा, रामेछाप, झापा, काठमाडौँ, उदयपुर, खोटाङलगायतका जिल्लाका २० जना थाङ्मी अगुवाहरूको सहभागिता रहेको थियो । त्यो भेलाले पाँच फरकफरक सङ्गठन (हे.तालिका४) एकीकरण गरेर नेपाल थामी समाज नामक साझा सङ्गठन निर्माण गरेको थियो । सो भेलाले दलगत विभाजन र जिल्ला स्तरमा मात्र केन्द्रित थाङ्मी सङ्गठनहरूलाई एकीकरण गरेर राष्ट्रिय सङ्गठन बनाउनुका साथै छरिएर रहेका थाङ्मीहरूलाई संस्थागत रूपमा जोड्ने काम गरेको थियो ।

**तालिका ४**

नेपाल थामी समाज गठन हुनुअघि सक्रिय थाङ्मी संस्थाहरू

| क्र.सं. | सङ्गठनको नाम | गठन भएको जिल्ला |
|---|---|---|
| १. | निको थामी सेवा समिति | दोलखा |
| २. | नेपाल प्रगतिशिल थामी समूह | काठमाडौँ |
| ३. | निको थामी समाज उत्थान मञ्च | झापा |
| ४. | थामीभूमे सङ्घ नेपाल | दोलखा |
| ५. | निको थामी सङ्घ | रामेछाप |

**स्रोत :** साझा थाङमी सङ्गठन निर्माणका लागि देशभरिका थाङ्मी अग्रज तथा तत्कालीन अवस्था समयमा विभिन्न जिल्लाहरूमा सकृय थाङ्मी सङ्गठनहरूको फागुन ७, २०५५ शुक्रवारका दिन काठमाडौँको बालाजु बाइसधारामा भएको “विशेष” भेलाको माइन्युट ।

नेपालभरि छरिएर रहेका थाङ्मीको साझा सङ्गठनको रूपमा २०५५ मा गठन भएर चैत २, २०५६ मा काठमाडौँ जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको नेपाल थामी समाजको निम्न उद्देश्यहरू पनि माथि उल्लिखित सङ्गठनहरूको झैँ थाङ्मी जातिको सामाजिक सांस्कृतिक विकास र अधिकारको वकालत गर्नु रहेको छ । हालसम्म समाजको छओटा महाधिवेशन सम्पन्न भएको छ । १६ जिल्लामा (इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, भोजपुर, खोटाङ, सोलुखुम्बु, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काठमाडौँ, काभ्रेपलान्चोक, मकवानपुर, र सर्लाही) सङ्गठन बिस्तार भएको छ । साझा सङ्गठनका रूपमा नेपाल थामी समाज भए तापनि समुदायभित्रका विभिन्न सवालहरू उजागर गर्नका लागि विभिन्न भगिनी र भातृ सङ्गठन निर्माण भएका छन् । जस्तै- महिला, विद्यार्थी (नेपाल थामी विद्यार्थी सङ्घका जिल्ला शाखाहरू यस प्रकार छन्- इलाम, सिन्धुली, रामेछाप, दोलखा र सिन्धुपाल्चोक) र युवा (हे.तालिका ५) । महिला र विद्यार्थी सङ्गठनको स्थापना क्रमशः मङ्सिर ६, २०६० र मङ्सिर २७, २०६० मा काठमाडौँमा भएको हो (थामी, २०६०, पृ. १) ।

**तालिका ५:** हाल नेपालमा सक्रिय थाङ्मी प्रतिनिधिमूलक संस्थाहरू

| **क्र.सं.** | **संस्थाको नाम** | **लक्षित समूह** | **प्रधान कार्यालय** |
|---|---|---|---|
| १. | नेपाल थामी समाज | सबै थाङ्मीको साझा सङ्गठन | काठमाडौँ |
| २. | नेपाल थामी महिला समाज | थाङ्मी महिला | काठमाडौँ |
| ३. | नेपाल थामी विद्यार्थी सङ्घ | थाङ्मी विद्यार्थी | काठमाडौँ |
| ४. | नेपाल थामी युवा सङ्घ | थाङ्मी युवा | काठमाडौँ |

स्रोत : स्थलगत सर्वेक्षण, सन् २०२३

पछिल्लो समय माथि उल्लिखितबाहेक थाङ्मी समुदायको हितमा काम गर्ने लक्ष्यले केही सामाजिक (गैसस) हरू पनि स्थापना भएका देखिन्छन् । समाज कल्याण परिषद्को तथ्याङ्कअनुसार यस्ता ११ संस्थाहरू थामी समुदायका विभिन्न सवालमा काम गर्नका लागि राज्यको कानुनबमोजिम गठन भएको देखिन्छ (हे.तालिका ६) । तीमध्ये नेपाल थामी समाजलगायतका केही सङ्गठनहरूलाई प्रतिनिधिमूलक संस्थाका रूपमा लिन सकिन्छ भने अरू गैरसरकारी संस्थाका रूपमा दर्ता भएका हुन् ।

**तालिका ६** : समाज कल्याण परिषद्मा आबद्ध थाङ्मी सामाजिक संस्थाहरू

| **क्र.सं.** | **संस्थाको नाम** | **दर्ता भएको जिल्ला** | **कार्यक्षेत्र** | **स्वीकृत मिति** |
|---|---|---|---|---|
| १. | नेपाल थामी समाज | काठमाडौँ | सामुदायिक र ग्रामीण विकास | असोज २, २०५८ |
| २. | नेपाल थामी महिला समाज | काठमाडौँ | महिला सेवा | माघ २०, २०६८ |
| ३. | निको थामी सेवा समाज | काठमाडौँ | सामुदायिक र ग्रामीण विकास | असोज ८, २०७६ |
| ४. | थामी चलचित्र सङ्घ | काठमाडौँ | सामुदायिक र ग्रामीण विकास | असोज ५, २०७६ |
| ५. | थामी किपट उत्थान परिषद् नेपाल | दोलखा | सामुदायिक र ग्रामीण विकास | भदौ २९, २०६२ |
| ६. | फासेलुङ् सामाजिक सेवा नेपाल | दोलखा | सामुदायिक र ग्रामीण विकास | फागुन २२, २०६२ |

| | | | | |
|---|---|---|---|---|
| ७. | दोलखा काठमाडौँ थामी सम्पर्क मञ्च | काठमाडौँ | सामुदायिक र ग्रामीण विकास | कात्तिक २, २०६० |
| ८. | राष्ट्रिय थामी समाज | काठमाडौँ | सामुदायिक र ग्रामीण विकास | माघ २४, २०६८ |
| ९. | बिगु थामीभूमे समाज | दोलखा | युवा सेवा | कात्तिक २२, २०७४ |
| १०. | निको थामीभूमे युवाक्लब | रामेछाप | शैक्षिक विकास | मङ्सिर १८, २०७४ |
| ११. | श्री निको लागिभूमे समाज | दोलखा | युवा सेवा | चैत्र २९, २०७४ |
| १२. | धामी उत्थान संस्कृति खोज अनुसन्धान तथा वकालत संस्था | दोलखा | सामुदायिक र ग्रामीण विकास | कात्तिक २५, २०६८ |

स्रोत : समाज कल्याण परिषद्, २०८० ।

## थाङ्मी प्रतिनिधिमूलक संस्था र अधिकारको आन्दोलन

समुदायको आमुल परिवर्तनमा विशेष योगदान नगरेको भए तापनि पहिचानको आन्दोलनमा कुनै न कुनै रूपमा उल्लिखित प्रतिनिधिमूलक सङ्गठनहरूको भूमिका नकार्न सकिन्न । तर पछिल्लो समय विभिन्न नाममा खुलेका संस्थाहरू प्रभावकारी नहुनुका साथै समुदाय स्तरमा भ्रम सृजना गर्ने र आन्तरिक असमझदारी पैदा गर्ने साधनका रूपमा विकास भएका छन् । त्यसले केही निजी अभीष्टहरू पूरा भए पनि समग्र समुदायको हित नगर्ने थाङ्मी समुदायका अग्रजहरूको गुनासो छ ।

साझा सङ्गठनका रूपमा नेपाल थामी समाज गठन भएपछि पहिचान र अधिकारका सवालमा केही सकारात्मक कामहरू भएका छन् । जस्तै- थाङ्मी भूमि रक्षार्थ थाङ्मी स्वायत्त क्षेत्रको खाका (हे. नेपाल थामी समाज, २०६७) प्रस्तुत गर्ने काम समाजले गरेको थियो । पहिलो संविधानसभाका बखत स्वायत्तताको मागसहित काठमाडौँमा प्रदर्शन गर्नुका साथै एक दिन दोलखा बन्दसमेत गरेको थियो । त्यसबाहेक थामी समुदायको पहिचान र संस्कार संस्कृति (हे. थामी, २०६१) तथा सिलोके पालाखे (हे. नेपाल थामी समाज, २०८० क र ख) प्रकाशनले समुदाय स्तरबाट थाङ्मी पहिचान र इतिहास जगेर्नामा भएका महत्त्वपूर्ण कदमका रूपमा लिन सकिन्छ । यसका साथै सङ्क्षिप्त थाङ्मी शब्दकोश प्रकाशन (विकेश थामी, २०७९; सुख वीर थामी र अन्य, २०७८) गरेको समाजले थोरै भए पनि भाषा संरक्षणमा टेवा पुऱ्याएको छ ।

परिवर्तित अवस्थामा स्वतन्त्र संस्थाका रूपमा संस्थागत हुन नसक्नु थाङ्मी सङ्गठनहरूका कमजोर पक्ष हुन् । मूलतः थाङ्मी सङ्गठनहरू राजनीतिक दलको छत्रछायामा जन्मी विशुद्ध अधिकारमुखी थाङ्मी सङ्गठनका रूपमा हुर्कन खोज्दाखोज्दै राजनीतिक दलहरूको प्रभाव र दबाबमा परेर समुदायको अधिकारका सवालमा उभिन नसकेको प्रस्ट छ । अझ रोचकपक्ष त के छ भने हालसम्म स्थापना भएका सबै सङ्गठनहरूको उद्देश्यको पहिलो बुँदामै कुनै पनि दलको राजनीतिक सिद्धान्तबाट निर्देशित नभएर समग्र थाङ्मीहरूको साझा सङ्गठनका रूपमा काम गर्ने भनिए पनि व्यवहारमा त्यसको ठिक विपरित छ । यसको ज्वलन्त उदाहरणका रूपमा थाङ्मी सङ्गठनहरूको अधिवेशन तथा महाधिवेशनहरूमा प्रत्यक्षपरोक्ष रूपमा देखिने दलगत हस्तक्षेपलाई लिन सकिन्छ । त्यस्ता अवसरमा थाङ्मी समुदायको दीर्घकालीन महत्त्व राख्ने मुद्दा तथा सवालहरूमा घनिभूत छलफल हुनुपर्नेमा कुन दलमा आस्था राख्नेले के पद पाउने भन्नेमा बढी कसरत हुने गरेको छ । संस्थामा दलगत स्वार्थ र आस्था बोकेर स्थान खोज्ने र सोही आधारमा दलभित्र पद र अवसरका लागि

बार्गेनिङ गर्ने समूहको विकास हुनु समुदायका लागि दुर्भाग्य हो । समाजको दोस्रो महाधिवेशनसम्म आइपुग्दा सङ्गठनले सही दिशा लिने अपेक्षा गरिए पनि तेस्रो महाधिवेशनपछि दलीय हस्तक्षेप बढ्दै गएको पाइन्छ । छैटौं महाधिवेशनसम्म आइपुग्दा त यसको पराकाष्ठा नाघेको थाङ्मीहरूको अनुभव छ । समाजलाई थाङ्मी समुदायको हकहितका सवालको वकालतमा खरो रूपमा उतार्नका लागि निम्न कुरामा सुधारको आवश्कयकता देखिन्छ–

क. सङ्गठनलाई प्रभावकारी र निर्दिष्ट दिशामा अघि बढाउन अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक योजना बन्न आवश्यक छ। त्यो नभएका कारण विश्वभर चलिरहेको आदिवासी आन्दोलन र नेपालको आदिवासी आन्दोलन तथा थाङ्मीको मूलभूत राजनीतिक, सामाजिक र आर्थिक अधिकारका सवालमा वहस नहुनका साथै सङ्गठनका तर्फबाट प्रस्ट मार्गचित्र सार्वजनिक हुन सकेको छैन । यसतर्फ हालसम्म कुनै पनि नेतृत्वको ध्यान पुगेको देखिन्न । चौथो महाधिवेशनपछि चयन कार्यसमितिले रणनीतिक योजना निर्माणको प्रयास गरेको भए तापनि त्यसले मूर्तरूप लिन सकेन ।

ख. नेतृत्व सामूहिक अधिकार, आदिवासीको भूमि, भूक्षेत्र र स्रोतमाथिको अधिकारको सवाल तथा आदिवासी दर्शन र विश्व दृष्टिकोणबारे जानकार र दीक्षित हुन आवश्यक छ। तर हालसम्मका अधिकांश नेतृत्व कि त भावनाका भरमा कि त दलको एजेन्ट तथा राजनीतिक दर्शन र सिद्धान्तले संसार नदेख्ने भएका छन्। यसका कारणले सङ्गठन र आन्दोलन कमजोर र दीशाविहीन बन्नुका साथै प्रथाजनित भूमि, सङ्गठनबारे उदासिन देखिन्छन् । उदाहरणका लागि विकास तथा संरक्षणका नाममा दोलखाको राङराङथलीमा रहेको तिलापोखरीको विनाश र आलम्पुमा रहेको ढुङ्गाखानी राज्यकातर्फबाट बन्द गरिएको सन्दर्भमा साङ्गठित रूपमा कुनै प्रतिक्रिया देखिएन। यी भूमिहरू उनीहरूका लागि ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व राख्ने भूमि हुन् ।

ग. हालसम्मका (अपवादबाहेक) नेतृत्वमा नेतृत्व क्षमता र दक्षता अत्यन्तै कमजोर देखिएका कारण सुधारका लागि नेतृत्व विकास तथा त्यसको लगानीमा सङ्गठनले ध्यान दिन आवश्यक छ। प्रभावकारी र परिपक्क नेतृत्वको अभावका कारण सङ्गठनमा सामूहिक नेतृत्व र अधिकारको सवालमा भन्दा पनि व्यक्तिगत, गुटगत र दलगत स्वार्थहरू हाबी हुनुका साथै सङ्गठन बिस्तारमा पनि प्रभाव पर्न गएको छ। फलस्वरूप समुदाय स्तरमा सङ्गठनको उपस्थिति शून्य प्रायः छ ।

घ. समुदायभित्रका विभिन्न सङ्गठनहरूका बिचमा समन्वय र सहकार्य हुनुको सट्टा दूरी बढ्न गएको देखिन्छ। यसमा नेतृत्वले सुधारको प्रयास गर्न आवश्यक छ। यहाँसम्म कि नेपाल थामी समाजका जिल्ला शाखाहरूले स्वायत्त संस्थाझैं काम गर्ने र त्यसका नेतृत्वहरूले सोहीबमोजिम सार्वजनिक अभिव्यक्ति दिने प्रवृत्तिका साथै दलगत, समूहगत र व्यक्तिगत स्वार्थ हावि भएको छ। सामूहिक हक र अधिकारको सवाल ओझेला पर्नुका साथै समुदायभित्रै विभाजनको अवस्था देखिन थालेको छ। जसका कारण समुदायको भाषा, संस्कृति, इतिहासको संरक्षण, संवर्धन तथा प्रवर्धनमा असर पर्न गएको छ। त्यसबाहेक नेतृत्व नै आयातित संस्कार र धर्मको पक्षपोषक बन्नु र सङ्गठनहरूमा थाङ्मी पहिचान विरोधी र धर्मान्तर गरेका वा हिन्दुकरणका कारण उनीहरूको भाषा, संस्कृति र परम्परामा असर परेको यथार्थ हुँदाहुँदै पछिल्लो समय क्रिस्चियन मिसनरीहरूको प्रभाव र दबाव उनीहरूमा अत्यन्त द्रुतगतिमा बढ्न गएको छ। उनीहरू धर्मभिरुहरूको हाबी हुनुका साथै द्रुतगतिमा भइरहेको धर्मान्तरणलाई रोक्ने प्रयास गर्नुको सट्टा तिनै समूहहरूलाई प्रश्रय दिनुले पनि समुदायको पहिचानमा दिन प्रतिदिन सङ्कट देखिन थालेको छ ।

ङ. दलगत, समूहगत र व्यक्तिगत स्वार्थहरूको हावि र टकराव तथा आन्तरिक कलह, मनमुटाव र विसङ्गतिका कारण अनुभवी, अध्ययनशील, पढेलेखेका र स्वतन्त्र व्यक्तिहरूको सङ्गठनप्रति

कम आकर्षण देखिन्छ। त्यसकारण त्यस्ता व्यक्तिहरूको आकर्षण बढाउन र उनीहरूको सिप र ज्ञानलाई समुदायको हितमा प्रयोग गर्न सक्ने वातावरण बनाउनुपर्ने देखिन्छ।

## निष्कर्ष

नेपालका अन्य आदिवासी समूहजस्तै सीमान्तकृत अवस्थामा रहेको थाङमी जातिले पनि सन् १९९० पछिको राजनीतिक परिवर्तनपछि उत्पीडन र वहिष्करणबाट मुक्ति र राज्यमा समान हैसियत र पहिचानका लागि सङ्गठित आन्दोलनमा आफ्नो उपस्थिति जनाएको छ। न्यायिक आन्दोलनका लागि समुदायको आवाज बुलन्द पार्न समुदायलाई सङ्गठित गर्ने प्रयासमा समाजका अग्रजहरूले विभिन्न कालखण्डमा प्रयास गरेका छन्। चार दशकभन्दा बढीको इतिहास बोकेका थाङ्मी सामाजिक प्रतिनिधिमूलक सङ्गठनहरूको केही सकारात्मक पहलहरू भए तापनि आशातीत सफलता भने पाउन सकेको छैन। बरु सङ्गठन नै बाहिरी हस्तक्षेप र आन्तरिक कलहका कारण दिशाविहीन बनेको छ। यसका मुख्य कारणहरू राजनीतिक दाउपेच, गुटबन्दी बढ्नु, सङ्गठन योजनाविहीन हुनु, कमजोर नेतृत्व विकास, नेतृत्व दलगत भागबन्डामा फेरिनु र उनीहरू दलीय दर्शन र सिद्धान्तबाहिर निस्कन नसक्नु, सामूहिक स्वार्थभन्दा नीजि स्वार्थ हावी हुनु रहेका छन्। यसर्थ सीमान्तकृत अवस्थामा रहेका थाङ्मी समुदायको सामाजिक, आर्थिक र राजनीतिक अधिकार सुनिश्चितताका लागि समुदायको प्रतिनिधिमूलक संस्था साँच्चिकै प्रतिनिधिमूलक र साझा हुन जरुरी छ। हालसम्मको अवस्था हेर्दा नेपालका अन्य धेरै आदिवासीका प्रतिनिधिमूलक भनिएका संस्थाजस्तै थाङ्मी सङ्गठन पनि न त प्रतिनिधिमूलक (सबै थाङ्मीका सर्वस्वीकार्य) बन्न सकेको छ न त सही अर्थमा सङ्गठनको स्वरूप (संस्थागत विकास) नै लिन सकेको छ। यसमा सुधारका लागि राज्य, समुदाय र सम्बन्धित पक्षको अहम् भूमिका रहन्छ।

## सन्दर्भ सामग्रीसूची


थाङ्मी भेला (२०५५). थामी जातिको राष्ट्रिय महत्त्वको अति विशेष बैठक (२०५५ फागुन ७ शुक्रवारका दिन काठमाडौँको बाइसधारामा थाङ्मी अगुवाहरू तथा प्रतिनिधिहरूको भेलाको माइन्युट)।

थामी, टहल (२०६१). *थामी समुदायको ऐतिहासिक चिनारी र संस्कार संस्कृति.* नेपाल थामी समाज।

थामी, विकेश (२०७९). *थामी-नेपाली आधारभूत शब्दकोश.* विगु गाउँपालिका र नेपाल थामी समाज।

थामी, मेघराज (सन् १९९९). *दोलखा रेङ्.* थामी भाषा तथा संस्कृति उत्थान केन्द्र।

थामी, सुखवीर र अन्य (२०७८). *थामी-नेपाली शब्दकोश.* नेपाल थामी समाज।

निको थामी सेवा समिति नेपालको विधान, (२०५२)।

निको थामी सेवा समितिको अपिल (२०४०)।

नेपालथामी समाज (२०८०क). *सिलोके पालाखे.* नेपाल थामी समाज. कालिञ्चोक गाउँपालिका।

नेपालथामी समाज (२०८०ख). *सिलोके पालाखे.* दोलखा : नेपाल थामी समाज।

नेपालथामी समाज (२०६७). *थामी स्वायत्त राज्यको संरचना.* नेपाल थामी समाज।

नेपाल थामी समाजको विधान (२०५६)।

नेपाल प्रगतिशील थामी समूहको प्रस्तावित विधान (२०३८)।

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०७२). *नेपाली बृहतशब्दकोष.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

नेपाल सरकार (२०७७ जेठ ५). नेपाल राजपत्रमा, खण्ड ७०, सङ्ख्या ५

नेपाल सरकार (२०५८). आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन,(२०५८)।

नेपाल सरकार (२०३४). संस्थादर्ता ऐन (२०३४)।

नेप्रथास (२०५४). *नाननी पाटुको.* नेपाल प्रगतिशील थामी समाज।

भिमेश्वर नगरपालिका, सङ्क्षिप्त परिचय. https://bhimeshwormun.gov.np/ne/node/3 असार ९, २०८० मा हेरिएको ।
लेभी, सिल्भाँ (सन् २००७). *नेपाल: हिन्दु अधिराज्यको इतिहास.* (दोस्रो खण्ड). हिमाल किताब ।
विष्ट, डोरबहादुर (सन् २००२). *सबै जातको फूलबारी.* हिमाल किताब ।
शर्मा, जनकलाल (२०६७). *हाम्रो समाज: एक अध्ययन.* (चौथो संस्करण). साझा प्रकाशन ।
शर्मा, नागेन्द (२०६३). *नेपालीजनजीवन.* (चौथो संस्करण). साझा प्रकाशन ।
शिवाकोटी, गोपाल (२०७५). *थामीजातिको परिचय.* पैरवी प्रकाशन ।
श्री ५ को सरकार (२०३१). *मेचिदेखि महाकाली.* (भाग १). सूचना विभाग ।
छहरा साप्ताहिक (मङ्सिर २६, २०६२).पहिलो पटक उपत्यकामा थाङ्मीको भूमे. (पृ.६) ।
थामी, टहल (२०६०). सङ्गठित भए थामीहरू. इन्डिजिनियस् भ्वाइस साप्ताहिक, वर्ष १, अङ्क २०, पृ. १ ।
Bhattachan, K. B. (2008). Minorities and Indigenous Peoples of Nepal. National Coalition Against Racial Discrimination.
Bista, D. B. (2004). People of Nepal. Ratna Pustak Bhandar.
CBS. (2012). National population and houosing census 2011: National report (Vol. 1). Central Bureau of Statistics.
Gautam, R., & Thapa-Magar, A. K. (1994). Thami. In Tribal ethnography of Nepal Vol. II (pp. 311–324). Book Faith India.
Gurung, O., & Thami, B. B. (2014). Thami of Nepal. Central Department of Sociology/Anthropology Tribhuvan University.
Miller, C. J. (1979). Faith-healers in the Himalayas: An investigation of traditional healers and their festivals in Dolakha district of Nepal. Centre for Nepal and Asian Studies Tribhuvan University.
National Statistics Office. (2021). Caste/ethnicity report. https://censusnepal.cbs. gov.np/results/downloads/caste-ethnicity, Available at: https://censusnepal.cbs.gov. np/results/downloads/caste-ethnicity; accessed June 13, 2023.
Onta, P. (2006). The growth of the adivasi janajati movement in Nepal after 1990: The non-political institutional agents. Study in Nepali History and Society, 11(2), 303–354.
Pradhan, K. (2009). The Gorkha conquests: The process and consequences of the unification of Nepal, with particular reference to eastern Nepal (2nd ed.). Himal Books.
Shakya, K. M. (2007). Nationalities movement and Nepali state. In From exclusion to inclusion: Socio-political agenda for Nepal (2nd ed., pp. 161–175). Social Inclusion Research Fund.
Shneiderman, S. (2015). Rituals of ethnicity: Thangmi identities between Nepal and India. University of Pennsylvania Press.
Subba, C.,Pyakuryal, B., Bastola, T.S., Khajum Subba, M., Raut, N.K. andKarki, B.(2014).A study on the socio-economic status of Indigenous Peoples in Nepal. Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP).
Suwal, B. R. (2020). Spatial variation of caste/ethnic poverty in mountain districts of Nepal: An approximation through small area estimation technique. Social Inquiry: Journal of Social Science Research2(2): 158–93. Available at: https://doi.org/10.3126/ sijssr. v2i2.33059; accessed April 5, 2023.
Turin, M. (2012). A Grammar of the Thangmi language: With an ethnolinguistic introduction to the speakers and their culture. Brill.

## अनुसूचीहरू

**अनुसूची १ :** सन् २०२१ को जागणनाअनुसार नेपालमा बसोबास गर्ने जात/जाति, भाषा र धार्मिक समूहहरू

| जात/जाति | भाषिक समूह | धार्मिक समूह |
|---|---|---|
| क्षेत्री, बाहुन (पहाड), मगर, थारु, तामाङ, विश्वकर्मा, मुसलमान, नेवाः (नेवार), यादव, राई, परियार, गुरुङ, ठकुरी, मिजार, तेली, याक्थुङ्/लिम्बु, चमार/हरिजन/राम, कोइरी/कुशवाह, कुर्मी, मुसहर, धानुक, दुसाध/पासवान/पासी, ब्राह्मण (तराई, मल्लाह, सन्यासी/दशनामी, केवत, कानू, हजाम/ठाकुर, कल्वार, राजवंशी, शेर्पा, कुमाल, टम्टा/तत्वा, खत्वे, घर्ती/भुजेल, माझी, नुनिया, सुँडी, धोबी, लोहार, बिन, कुम्हार, सोनार, चेपाङ/प्रजा, रानाथारु, दनुवार, सुनुवार, हलुवाइ, बराइ, बाँतर/सरदार, कहर, सन्थाल, बनियाँ, कठबनियाँ, बाधे/बाधि, उराउँ/कुदुख, राजपुत, अमात, गन्गाइ, लोध, गडेरी/भेडीयार, घले, मारवाडी, कायस्थ, कुलुङ, थामी, भुमिहार, राजभार, रौनियार, धिमाल, खवास, ताजपुरिया, कोरी, डोम, माली, दराइ, याक्खा, भोटे, बान्तवा, राजधोव, धुनिया, पहरी, बंगाली, गोँध/गोड, चाम्लिङ, छन्त्याल/छन्तेल, थकाली, बादी, बोटे, पुन, ह्योल्मो/ह्योल्मोपा, खातिक, याम्फु, केरवत, बराम/बरामु, देव, नाछिरिङ, गाइने, बाहिङ, थुलुङ, जिरेल, खालिङ, आठपहरिया, डोल्पो, सर्बरिया, मेवाहाङ, ब्यासी/शौका, दुरा, मेचे, राजी, साम्पाङ, चाइ/खुलाउत, चम्बा/नुब्री, धन्कर/ धारिकर, मुण्डा, लेप्चा, पत्थरकट्टा/कुशवाडिया, हायु, बेल्दार, हल्खोर, नटुवा, लोहोरुङ, कमार, धन्डी, डोने, मुगाल/मुगुम, पन्जावी/शिख, कार्मारोङ, चिडिमार, किसान, ल्होपा, कलार, फ्रि, कोचे, तोप्केगोला, राउटे, वालुङ, ल्होमी, सुरेल, कुसुण्डा, वनकरिया, नुराङ । | नेपाली, मैथिली, भोजपुरी, थारु, तामाङ, बज्जिका, अवधी, नेपालभाषा (नेवारी), मगर ढुट, डोटेली, उर्दु, याक्थुङ्/लिम्बु, गुरुङ, मगही, बैतडेली, राई, बझाङी, बान्तवा, राजवंशी, शेर्पा, खस, बझाङ्गी, हिन्दि, मगर खाम, चाम्लिङ, रानाथारु, चेपाङ, भूजेल, सन्थाल, दनुवार, दार्चुलेली, उराउँ, कुलुङ, अङ्गीका, माझी, सुनुवार, थामी, गन्गाइ, थुलुङ बाङ्ला, घले, साम्पाङ, मारवाडी, डडेल्धुरी, धिमाल, ताजपुरिया, कुमाल, खालिङ, मुसलमान, वाम्बुले, बाहिङ/बायुङ, याक्खा, संस्कृत, भुजेल, भोटे, दराइ, याम्फुरयाम्फे, नाछिरिङ, ह्योल्मो/ह्योल्मो, दुमी, जुम्ली, बोटे, मेवाहाङ, पुमा, आठपहरिया, दुङ्माली, जिरेल, तिब्बती, दैलेखी, चुमरनुब्री, छन्त्याल, राजी, थकाली, मेचे, कोयी, लोहोरुङ, केवरत, डोल्पाली, डोने, मुगाली, जेरो/जेरुङ, कार्मारोङ, छिन्ताङ, ल्होपा, लाप्चा, मुण्डा/मुडियारी, मनाङ्गे, छिलिङ, दुरा, तिलुङ, साइन ल्याङ्ग्वेज, ब्याँसी, बालकुरा/बराम, बारागुन्वा, कद्री, अङ्ग्रेजी, मगर काइके, सोनाहा, हायु/वायु, किसान, पंजावी, धुलेली, खाम्ची (राउटे), लुङ्खिम, लोवा, कागते, वालिङ र वालुङ, नारफु, ल्होमी, तिछुरोङ पोइके, कुली, कोचे, सिन्धी, फाङ्दुवाली, बेल्हारे, सुरेल, माल्पान्डे, खरिया, सढानी, हरियान्वी, साम, वनकरिया, कुसुण्डा । | हिन्दु, बौद्ध, इस्लाम, किरात, क्रिस्चियन, प्रकृति, बोन, जैन, बहाइ, र शिख । |

स्रोतः National Statistics Office. (2021). Caste/ethnicity report. https://censusnepal.cbs.gov. np/results/ downloads/caste-ethnicity, Available at: https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity; accessed June 13, 2023.

■